**सूर्योदय नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७९**

कार्यपालिकाबाट स्वीकृत मिति-२०७९।०४।०२ गते

सूर्योदय नगरपालिकाको सूर्योदय नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **सूर्योदय नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७९** हुनेछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "मूल कार्यविधि" भन्नाले "सूर्योदय नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४"लाई जनाउनेछ।

**३. मूल कार्यविधिको अनुसूची २ खारेज गरिएको छ।**

**४.** मूल कार्यविधिको दफा २ को उपदफा (४), दफा ३ को उपदफा (२) र (३) र दफा ५ मा रहेको "अनुसूची २" भन्ने वाक्यांश हटाई "सूर्योदय नगरपालिकाको आर्थिक ऐन" भन्ने वाक्यांश राखिएको छ।

**५. दफा ३. को उपदफा (३) पछि देहाय बमोजिमको उपदफा (४) थप गरिएको छ।**

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (३) बमोजिम नवीकरण नभएका इजाजतपत्रहरूको हकमा यो कार्यविधि लागू भए पश्चात् एक पटकको लागि देहायका कागजात संलग्न राखी इजाजतपत्रको नवीकरण गराउनका लागि कार्यालयले निवेदन दर्ताका लागि ३५ दिनको म्याद राखी सूचना प्रकाशन गर्नु पर्नेछ। त्यसरी प्रकाशित सूचना बमोजिम सम्बन्धित निर्माण व्यवसायीले निवेदन दर्ता गराएमा म्याद समाप्त भएपछिको हरेक वर्षको थप दस्तुरको दरले गणना गर्दा हुने रकम र सो मा थप ५० प्रतिशतका दरले जरिबाना असुल गरी प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरि दिनेछ।

देहाय :

१. निवेदन

२. दफा ३. को उपदफा (२) बमोजिमका प्रमाणपत्र र विवरण

३. प्रत्येक वर्षको थप दस्तुर बापतको रकम राजस्व दाखिला गरेको भौचर

**६. दफा ४. को उपदफा (३) मा "दफा ३ को उपदफा ३" भन्ने वाक्यांशको सट्टामा "दफा ३ को उपदफा ३ र ४" भन्ने वाक्यांश राखिएको छ।**